"जुद्ध बारुण यन्त्र भक्तपुरको रहर, आगलागी जोखिममुक्त भक्तपुर शहर"

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध बारुण यन्त्र कार्यालय
भक्तपुर

विजय प्रसाद धौभडेल
कार्यालय प्रमुख

# नेपाल सरकार

# गृह मन्त्रालय

# जुद्ध बारुण यन्त्र कार्यालय

# भक्तपुर

# वार्षिक प्रगति प्रतिवेदन

आ.व.२०८२/०८३

नेपाल सरकार
गृह मन्त्रालय
युद्ध वारुण यन्त्र कार्यालय
भक्तपुर

<u>विषय सूची</u>


१. कार्यालयको सामान्य परिचय
२. कार्यालयको काम, कर्तव्य र अधिकार
३. सांगठनिक संरचना
४. कार्यालयमा रहने कर्मचारी संख्या र कार्यविवरण
५. कार्यालयबाट प्रदान गरिने सेवा
६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी
७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी
८. निर्णय गर्ने प्रक्रिया र अधिकारी
९. निर्णय उपर उजुरी सुन्ने अधिकारी
१०. वार्षिक बजेट तथा कार्यक्रमको प्रगति प्रतिशत
११. सम्पादन गरेको कामको विवरण
१२. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद
१३. कार्यालयको वेबसाइट, फेसबुक पेज, ईमेल
१४. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन तथा सूचना दिएको विषय

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध बारुण यन्त्र कार्यालय
भक्तपुर

## १. कार्यालयको सामान्य परिचय

जुद्ध बारुण यन्त्र कार्यालय आगलागी जन्य विपद् जोखिम न्यूनीकरणको लागि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत स्थापित कार्यालय हो। यसको स्थापना जुद्ध शमशेरले भक्तपुरमा वि.सं. २००१ (सन् १९४५) मा सेवा विस्तार गरेका हुन् ।उक्त समयमा जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरमा रहेका बारुण यन्त्रहरु:

- Magirus Deutz, German, Model 1976, capacity: 2400 liter, (Bhaktapur -1)
- Bedford, UK, Model:1973, Capacity: 4000 liter (Bhaktapur -1)
- Dennis, UK, Model: 1945, Capacity 1,200 liter (Bhaktapur-1)

उक्त बारुण यन्त्रहरु कार्यालयमा रहेको भएता पनि हाल संचालनमा रहेको छैनन्। हाल कार्यालयमा पालिकाद्वारा हस्तान्तरण भएका टाटा दमकल-२, German दमकल-१, पानी ट्याङकर ब्याकअप दमकल-१, रेस्क्यु गाडी-२ र फायर बाइक-१ संचालन हुँदै आएका छन्। यो कार्यालय भक्तपुर जिल्ला भक्तपुर नगरपालिका-१ दुधपाटीमा अवस्थित छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

जुद्ध बारुण यन्त्र कार्यालयले निम्न बमोजिम कार्यहरु गर्दै आएको छ ।


१. २४ सै घण्टा तत्पर रही आगलागी जोखिम न्यूनिकरण तथा आगलागी नियन्त्रण गर्ने,
२. पिडित व्यक्तिको आगलागी विवरणहरु प्रक्रिया पुगे लगत्तै तत्काल उपलब्ध गराउने,
३. आगलागी जोखिम सम्बन्धी विभिन्न नमुना कार्यक्रमहरु समय-समयमा संचालन गर्ने,
४. बारुण यन्त्र सञ्चालन तथा व्यवस्थापनका आवश्यक प्राविधिक सहजीकरणको लागि विभिन्न निकायहरुले लेखी पठाएमा सहजीकरण गरिदिने,
५. बारुण यन्त्र कार्यालयको मुख्य कार्यक्षेत्र भक्तपुर जिल्लामा रहने र आवश्यकता अनुसार ललितपुर, काठमाण्डौं, काभ्रेमा आगलागी नियन्त्रण सम्बन्धी आवश्यक सहयोग उपलब्ध गराउने,
६. अग्नि नियन्त्रण सम्बन्धी तालिम संचालन गर्ने ।

## ३. सांगठनिक संरचना

- कार्यालय प्रमुख ना.सु- १
  - प्रशासन तर्फ
    - १. सूचना अधिकारी खरिदार- १
    - २. सहायक लेखापाल- १
    - ३. सहायक कम्प्युटर अपरेटर- १
    - ४. का.स.- ३
  - अग्नी नियन्त्रण तर्फ
    - १. फायर कमाण्डर- २
    - २. भारी सवारी चालक- ४
    - ३. फायरमेन सिपाही- २१
    - ४. किलिण्डर- २

नेपाल सरकार
गृह मन्त्रालय
वारुण यन्त्र कार्यालय
भक्तपुर

## संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)-२०८२ मा प्रस्तावित सांगठनिक संरचना




उल्लेखित दरबन्दी संरचना O&M सर्वेक्षण २०८२ श्री गृह मन्त्रालयबाट माग भएबमोजिम यस कार्यालयको च.नं. १०८ मिति २०८२/०७/१६ को पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीको लागि सादर अनुरोध छ ।

नेपाल सरकार
गृह मन्त्रालय
वारुण यन्त्र कार्यालय
भक्तपुर

४. कार्यालयमा रहने कर्मचारी संख्या र कार्यविवरण

| क्र. सं | पद | श्रेणी | सेवा | स्थायीं दरवन्दी | स्थायी कर्मचारी | करार कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ना.सु. | रा.प.अन.प्रथम | प्रशासन | १ | १ | - | |
| २ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | १ | १ | - | |
| ३ | स.क.अ. | रा.प.अनं. द्वितीय | विविध | १ | ० | १ | |
| ४ | स.ले.पा | रा.प.अनं. द्वितीय | लेखा | १ | १ | - | |
| ५ | हवल्दार | रा.प.अनं. द्वितीय | विविध | २ | - | २ | |
| ६ | भा.स.चा. | श्रेणीविहिन | इन्जिनियरिङ | ४ | - | ४ | |
| ७ | किलिण्डर | श्रेणीविहिन | विविध | २ | - | २ | |
| ८ | का.स. | श्रेणीविहिन | प्रशासन | ३ | १ | २ | |
| ९. | फा.मे.सि. | श्रेणीविहिन | विविध | २१ | - | २१ | |

**O&M-२०८२ मा प्रस्तावित दरवन्दी संरचना विवरण**

| क्र. सं. | पद | श्रेणी | सेवा | स्थायी दरवन्दी | स्थायी कर्मचारी | करार कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शा.अ. | रा.प.तृतीय | प्रशासन | १ | १ | - | १ थप |
| २ | ना.सु. | रा.प.अन.प्रथम | प्रशासन | १ | १ | - | |
| ३ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | १ | १ | - | |
| ४ | स.क.अ. | रा.प.अनं. द्वितीय | विविध | १ | - | १ | |
| ५ | स.ले.पा. | रा.प.अनं. द्वितीय | लेखा | १ | १ | - | |
| ६ | जम्दार | रा.प.अनं. द्वितीय | विविध | १ | - | - | १ थप |
| ७ | हवल्दार | रा.प.अनं. तृतीय | विविध | २ | - | २ | |
| ८ | भा.स.चा. | श्रेणीविहिन | इन्जिनियरिङ | ६ | - | ४ | २ थप |
| ९ | किलिण्डर | श्रेणीविहिन | विविध | २ | - | २ | |
| १० | का.स. | श्रेणीविहिन | प्रशासन | ३ | १ | २ | |
| ११ | फा.मे.सि. | श्रेणीविहिन | विविध | २१ | - | २१ | |

## ५. कार्यालयबाट प्रदान गरिने सेवाहरु

- नागरिक वडापत्रमा उल्लेख भएअनुसार

नेपाल सरकार

गृह मन्त्रालय

जुद्ध बारुण यन्त्र कार्यालय

भक्तपुर

## नागरिक वडापत्र

| क्र. सं. | सेवाको विवरण | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आगलागी नियन्त्रणका लागि दमकल सेवा २४ सै घण्टा तत्पर रहेको छ । यसको लागि कार्यालयको टेलिफोन नम्बर ०१-६६१००४९ वा आकस्मिक टेलिफोन नम्बर १०१ मा आगलागीका सूचना प्राप्त हुनासाथ उद्दारकर्मी घटनास्थलमा खटिएर आगलागी नियन्त्रण गरिनेछ । | | | | |
| २ | ईनार तथा पोखरीमा मानिस खसेको वा फसेको जानकारी प्राप्त हुनासाथ उद्दारकर्मी खटिएर उद्दार गरिनेछ । | सूचना प्राप्त हुनासाथ | निःशुल्क | | |
| ३ | भवितव्य आईपर्ने विपद् जोखिम जस्तै आगलागी, भुकम्प, बाढी पहिरो लगायत अन्य विपद् भएको सूचना प्राप्त भएमा तत्कालै अन्य उद्दारकर्मी सँगको समन्वयमा उद्दार कार्य गरिनेछ । | | | कार्यालय प्रमुख/ सूचना अधिकारी | |
| ४ | पिडीत (सम्बन्धित व्यक्ति) ले आगलागी विवरण (Fire Report) लिन चाहेमा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध गराईनेछ ।<br>आवश्यक कागजातहरु:<br>१. व्यक्तिगत निवेदन<br>२. रु. १० को हुलाक टिकट<br>३. सक्कलै प्रहरी मुचुल्का<br>४. सम्बन्धित व्यक्तिको परिचय खुल्ने कागजात | प्रक्रिया पुगेमा तत्कालै | रु. १० को टिकट | | |
| ५ | यस कार्यालयले सम्पादन गरेका सेवाहरुमा सर्वसाधारणहरुको सल्लाह, सुझाव, प्रतिक्रिया लिई गुनासो सुनुवाइ हुनेछ । सोको लागि कार्यालयमा गुनासो सुझाव पेटिकाको व्यवस्था गरिएको छ साथै कार्यालयको टेलिफोन नम्बर ०१-६६१२३८२ वा सिधै कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ। | | | | |

## ६. सेवा प्रदान गर्ने निकाय र शाखा

- पिडित (सम्बन्धित व्यक्ति)ले आगलागी विवरण (Fire Report) लिन चाहेमा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध गराइनेछ ।
- यस कार्यालयको टेलिफोन नम्बर ०१-६६१००४९ वा आकस्मिक टेलिफोन नम्बर १०१ मा आगलागीका सूचना प्राप्त हुनासाथ अग्नी नियन्त्रण तर्फका कर्मचारीहरु घटनास्थलमा खटिएर आगलागी नियन्त्रण गरिनेछ ।
- अन्य सेवाहरु नागरिक बडापत्रमा उल्लेख भए बमोजिम रहने ।

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय अवधी

- नागरिक वडापत्रमा उल्लेख भएबमोजिम निःशुल्क

## ८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- आवश्यक प्रमाण कागजातहरु, तोकिएको कानूनी प्रक्रिया पुरा गरी तोक आदेश मार्फत
- कार्यालय प्रमुख, सूचना अधिकारी

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सूचना अधिकारीले गरेको निर्णय उपर कार्यालय प्रमुखले,
- कार्यालय प्रमुखले गरेको निर्णय उपर गृह मन्त्रालयले,
- प्रचलित कानूनले तोकेको भए सोही बमोजिम,

## १०. आ.व. २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रमको असार मसान्तसम्मको प्रगति

| क्र. सं. | बजेट कोड | बजेट उप-शीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | | | १९३३२०००/- | ११००००0/- | २०४३२०००/- | १७६४०४५६.०६/- | १०९३७७६.५०/- | १७६५१३९३.५६/- | ९१.२५ | ९९.४३ | ९५.३४ |

## ११. सम्पादन गरेको कामको विवरण

१. आ.व. ०८२/०८३ को श्रावण देखि अषाढ महिना सम्ममा कार्यालयको नियमित बैठक प्रत्येक महिनाको पहिलो हप्ता तथा कार्यालय व्यवस्थापन सम्बन्धी आवश्यकता अनुरुप आकस्मिक बैठक गरी जम्मा २१ पटक बैठक बसी विभिन्न निर्णयहरु गरी कार्यान्वयनमा ल्याइएको ।

२. आ.व. ०८२/०८३ को श्रावण देखि अषाढ महिना सम्ममा भक्तपुर जिल्ला र बाहिरी जिल्ला गरि जम्मा ७४ वटा आगलागीका घटनाहरु घटेकोमा बारुण यन्त्र समयमै पुगी आगलागी नियन्त्रण गर्न सफल भएको ।

## आगलागी रिपोर्ट- २०८२/८३

| महिना | करेन्ट सर्ट | ग्याँस | अचानक/अन्य | जम्मा |
|---|---|---|---|---|
| २०८२ श्रावण | ३ | ० | १ | ४ |
| २०८२ भाद्र | १ | ० | ११ | १२ |
| २०८२ आश्विन | २ | ० | १ | ३ |
| २०८२ कार्तिक | २ | ० | ५ | ७ |
| २०८२ मंसिर | २ | २ | १ | ५ |
| २०८२ पौष | ४ | ० | ५ | ९ |
| २०८२ माघ | २ | ० | ३ | ५ |
| २०८२ फाल्गुण | २ | ० | ० | २ |
| २०८२ चैत्र | ३ | ० | ३ | ६ |
| २०८३ बैशाख | ५ | १ | ३ | ९ |
| २०८३ जेठ | ६ | ० | ३ | ९ |
| २०८३ अषाढ | १ | ० | २ | ३ |
| जम्मा | ३३ | ३ | ३८ | ७४ |

३. मिति २०८२/०८३ मा आगलागी नियन्त्रण विधि, नयाँ प्रविधि प्रयोग, सैद्धान्तिक ज्ञान लगायतका विषयसम्बन्धी जम्मा ९ वटा आन्तरिक पुनर्ताजगी अभ्यास (Internal Refreshment Training) सम्पन्न गरियो ।

## आन्तरिक पुनर्ताजगी अभ्यास- २०८२/८३

| क्र.सं. | मिति | पुनर्ताजगी अभ्यासको शीर्षक |
|---|---|---|
| १. | २०८२/०४/१७ | ठाडो भन्याङ निर्माण गरि आगलागी नियन्त्रण गर्ने विधि |
| २. | २०८२/०४/३१ | गाँठो बाँधने तरिका (Rope knots) र डोरीको प्रयोग गरी हाइराइज भवनमा चढेर आगलागी नियन्त्रण गर्ने विधिसम्बन्धी |
| ३. | २०८२/०५/१५ | हाइड्रोलिक कटर, हाइड्रोलिक स्पेडर र हाइड्रोलिक र्‍यामबाट उद्धार गर्ने विधिसम्बन्धी |
| ४. | २०८२/०६/०१ | लिफ्ट एण्ड क्यारीसम्बन्धी |
| ५. | २०८२/०६/३१ | होस्टिङ अल टुल्स प्रविधि सम्बन्धि |
| ६. | २०८२/०७/१६ | नोजल फरवार्ड एण्ड होज म्यानिपुलेसन ट्रेनिङ सम्बन्धी |
| ७. | २०८२/०८/०४ | (Rope And Rescue) दुर्घटना भएको अवस्थमा उद्धार सम्बन्धी |
| ८. | २०८२/०८/१७ | (Bunker Drill) बङ्कर ड्रिल सम्बन्धी |
| ९. | २०८२/०९/१५ | दमकलमा रहेका सम्पूर्ण अग्नि निवारण उपकरण सामाग्रीहरुको सरसफाइ गर्नुका साथै उपकरणहरुको नाम, परिचय, उपयोगिता र प्रयोग विधिसम्बन्धी |

४. मिति २०८२/०४/०८ देखि १२ गते सम्म कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको नेतृत्वमा गण्डकी प्रदेश सम्मको पुनर्ताजगी भ्रमण गर्नुका साथै पोखरा महानगरपालिका र बिदुर नगरपालिकाद्वारा संचालित बारुण यन्त्र दमकल समेत अवलोकन गरियो।

५. यस कार्यालयका सम्पूर्ण कर्मचारीहरुको सम्पत्ति विवरण कानूनद्वारा निर्धारित समयमै भरी सम्बन्धित निकायमा बुझाइयो ।

६. मिति २०८२/०४/१४ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरको अवलोकन भ्रमण गर्न पाल्नुभएका मधुवन नगरपालिका बर्दियाको नगर प्रमुख श्री तेज बहादुर भाट ज्यूलाई कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले कार्यकक्षमा स्वागत गर्नुभयो ।

७. मिति २०८२/०५/०६ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको "८२ औं स्थापना" दिवसको सन्दर्भमा बिहान कार्यालय परिसर सरसफाई तथा साँझ दीप प्रज्वलन कार्यक्रम सम्पन्न गरियो।

८. मिति २०८२/०५/०६ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय, दुधपाटी भक्तपुरमा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यू लगायत अन्य कर्मचारीहरुद्वारा बागमती प्रदेश सरकारको नवनियुक्त संस्कृति तथा पर्यटन मन्त्री माननीय सुरेश श्रेष्ठ ज्यूलाई स्वागत, सम्मान तथा बधाई कार्यक्रम संम्पन्न गरियो।

९. मिति २०८२/०५/०९ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको आयोजनामा जिल्ला प्रशासन कार्यालय भक्तपुरका महिला कर्मचारीहरुको समेत सहभागितामा कार्यालय हलमा तिज मिलन तथा दर खाने कार्यक्रम सम्पन्न गरियो ।

१०. मिति २०८२/०५/१२ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको सभाध्यक्षतामा जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट सरुवा भई जानुभएका सहायक प्रमुख जिल्ला अधिकारी श्री चिरञ्जीवी भण्डारी ज्यूको फेरि भेटौंला तथा शुभकामना कार्यक्रम सम्पन्न गरियो ।

११. मिति २०८२/०५/२१ गतेका दिन समता सचेतना समाज र गोल्डेन सुनगाभा ईङ्गलिस सेकेण्डरी स्कुलको संयुक्त आयोजना तथा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको प्राविधिक सहयोगमा "विपद व्यवस्थापन सम्बन्धी ग्याँस सिलिण्डरबाट हुने दुर्घटना" सम्बन्धी अभिमुखिकरण कार्यक्रम अन्तर्गत जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका अग्निनियन्त्रकहरुबाट सैद्धान्तिक एवं प्रयोगात्मक प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो।

१२. मिति २०८२/०५/२२ गतेका दिन "२२ औं निजामती सेवा" दिवसको अवसरमा 'व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन' भन्ने मुल नाराका साथ बिहान निजामती सेवा दिवस मूल समारोह- २०८२ द्वारा आयोजित सिंहदरबारदेखि नेपाल पुलिस क्लब भृकुटीमण्डपसम्मको र्‍याली तथा मूल कार्यक्रममा सहभागी भई सन्ध्यामा जुद्ध बारुण यन्त्र कार्यालय परिसरमा दिप प्रज्वलन कार्यक्रम सम्पन्न गरियो।

१३. मिति २०८२/५/२३ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूबाट आ.व. २०८१/०८२ मा कार्यालयले प्रदान गरेको जिम्मेवारी दत्तचित्त भई इमानदारी तथा बफादारीका साथ सफलतापूर्वक निर्वाह गर्नुभएको योगदानको उच्च कदर गर्दै कार्यालय सहयोगी श्री यज्ञ बहादुर तामाङलाई वर्ष सर्वोत्कृष्ट कर्मचारी-२०८२ को रुपमा नगद रु.२५००/- सहित प्रशंसा पत्रबाट पुरस्कृत गरियो।

१४. मिति २०८२/०५/२३ गते र २४ गतेको जेन्जी प्रदर्शनीको क्रममा भएको आगलागी नियन्त्रणको लागि जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुर २४ गतेदेखि २७ गतेसम्म निरन्तर खटिएर आगलागी नियन्त्रण गरेको ।

## मिति २०८२ भाद्र २४ गतेको आगलागी नियन्त्रणमा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुर

| क्र.सं. | दमकल निस्केको मिति | आगलागी/घटना स्थान | कैफियत |
|---|---|---|---|
| १. | मिति २०८२/०५/२४ गते राती<br>दमकल निस्केको समयः ११:४९ pm<br>फर्केको समयः ०१:५५ am | मध्यपुर थिमि नगरपालिका राधेराधे स्थित भाटभाटेनी सुपर मार्केट र मध्यपुर प्रहरी वृतमा | आगलागी नियन्त्रण गरिएको। |
| २. | मिति २०८२/०५/२५ गते<br>दमकल निस्केको समयः ०२:०४ am<br>फर्केको समयः ०४:१३ am | काठमाडौं जिल्ला कोटेश्वर स्थित भाटभाटेनी सुपर मार्केटमा | आगलागी फैलिनबाट जोगाउने गरि छिमेकी घरमा कुलिङ गरी नियन्त्रण गरिएको। |
| ३. | मिति २०८२/०५/२५ गते बिहान<br>दमकल निस्केको समयः १०:२८ am<br>फर्केको समयः ११:२२ am | भक्तपुर जिल्ला जगाती स्थित प्रहरी प्रभाग जगातिमा | आगलागी नियन्त्रण गरिएको । |
| ४. | मिति २०८२/०५/२५ गतेका दिन<br>दमकल निस्केको समयः १०:०५ am<br>फर्केको समयः ०४:१० pm | काठमाडौं जिल्ला बालुवाटर स्थित भाटभाटेनी सुपर मार्केट, बौद्ध स्थित भाटभाटेनी सुपर मार्केट र हिल्टन होटलमा | बालुवाटार र बौद्धको भाटभटेनीमा आगलागी नियन्त्रण गरिएको तर हिल्टन होटलमा ल्याडर दमकलको अभावको कारण नसकिएको । |
| ५. | मिति २०८२/०५/२५ गते दमकल<br>निस्केको समयः १२:५६am<br>फर्केको समयः ०२:४१ am | भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका पलासे स्थित फन भ्याली प्रा.लि. मा | आगलागी नियन्त्रण गरिएको। |
| ६. | मिति २०८२/०५/२५ गते बिहान<br>दमकल निस्केको समयः ०६:२० am<br>फर्केको समयः ०९:२८ am | भक्तपुर जिल्ला भक्तपुर नगरपालिका स्थित जिल्ला प्रशासन कार्यालयमा | आगलागी नियन्त्रण गरिएको। |
| ७. | मिति २०८२/०५/२७ गतेका दिन<br>दमकल निस्केको समयः ०७:४९ am<br>फर्केको समयः ०९:५५ am | भक्तपुर जिल्ला मध्यपुर थिमि नगरपालिका स्थित प्रहरी वृत्त, सानोठिमि भक्तपुरमा | भवन सरसफाइ तथा अवशेष सामाग्री व्यवस्थापन |
| ८. | मिति २०८२/०५/२७ गतेका दिन<br>दमकल निस्केको समयः ११:१८ am<br>फर्केको समयः ०२:२२ pm | भक्तपुर जिल्ला मध्यपुर थिमि नगरपालिका स्थित प्रहरी वृत्त, ठिमि भक्तपुरमा | भवन सरसफाइ तथा अवशेष सामाग्री व्यवस्थापन |
| ९. | मिति २०८२/०५/२७ गतेका दिन<br>दमकल निस्केको समयः १२:२६ pm<br>फर्केको समयः ०३:५६ pm | काठमाडौं जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय काठमाडौंमा | आगलागी नियन्त्रण गर्नुका साथै भवन सरसफाइ तथा अवशेष सामाग्री व्यवस्थापन |

नेपाल सरकार
जुद्ध बारुण यन्त्र कार्यालय
भक्तपुर

१५. मिति २०८२ भाद्र महिनामा तपसिल बमोजिमका खरिद, निर्माण तथा व्यवस्थापनका कार्यहरु सम्पन्न गरिएको।

- कार्यालयको प्रशासनिक भवन तथा ब्यारेक भवनमा कार्पेटपर्दा र कार्यालय प्रमुख कक्षमा सोफासेट राख्नुका साथै चेयर, शु र्याक, मेसमा डायनिङ टेबल, अफिस टेबल, लकर, खाट, दराज लगायतका आवश्यक फर्निचर सामाग्रीहरु खरिद गरिएको।
- कार्यालयको हलमा साउण्ड सिस्टम जडानका साथै कार्पेट पर्दा र ब्यानर बोर्ड राखी हल व्यवस्थापन गरिएको।
- गुनासो पेटिका व्यवस्थापन गरिएको।
- आवश्यक प्रिन्टर फोटोकपी मेशिन १ थान खरिद गरिएको।
- कार्यालयको सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न थप १ थान सिसिटिभि तथा हार्डडिस्क जडान गरिएको।
- कार्यालय भित्र कर्मचारीहरुको सवारीसाधनलाई व्यवस्थापन गर्नलाई पार्किङ ट्रस निर्माण गरिएको।
- ऐतिहासिक दमकलको टेलर पम्पलाई डेन्टपेन्ट गरि ट्रसमा व्यवस्थापन गरिएको।
- १ सेट एसी जडान गरिएको।
- ८ थान वाल फ्यान जडान गरिएको।
- १ थान रेफ्रिजेरेटर खरिद गरिएको।
- डेंगुलगायतका लामखुट्टेजन्य महामारी रोगबाट बच्न कार्यालयको आवासीय तथा प्रशासनिक भवनको झ्यालमा आल्मुनियम जाली फ्रेम जडान गरिएको ।
- सिसिटिभि रेकर्डर र साउण्ड सिस्टम राख्ने काठको र्याक निर्माण गरिएको ।

१६. मिति २०८२/०६/०३ गते जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुर परिसरमा "संविधान दिवस-२०८२" को अवसरमा दीप प्रज्वलन कार्यक्रम सम्पन्न गरियो।

१७. मिति २०८२/०६/१० गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको आयोजनामा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको सभाध्यक्षतामा र श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री नमराज घिमिरे ज्यूको प्रमुख आतिथ्यतामा तथा कार्यालयका सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा वि.सं. २०८२ सालको विजयादशमी, दिपावली, छठ तथा नेपाल संवत् ११४६ को पावन अवसरमा सुख, शान्ति र समृद्धिको लागि शुभकामना आदानप्रदान एवं मिति २०८२/०६/१५ गतेबाट अनिवार्य अवकास प्राप्त गरि सेवानिवृत्त हुनुहुने कार्यालय सहयोगी श्री यज्ञ बहादुर तामाङ ज्यूलाई मायाको चिनोसहित बिदाई कार्यक्रम सम्पन्न गरियो।

१८. मिति २०८२/०६/१० गतेका दिन श्रीमान् प्रमुख जिल्ला अधिकारी श्रीमान् नमराज घिमिरे ज्यूले जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको अनुगमन निरीक्षण गर्नुभै कार्यालयका समस्याहरु र अवस्थाको जानकारी लिएर महत्त्वपूर्ण निर्देशन, सल्लाहसुझाव तथा सहयोगको आश्वासन प्रदान गर्नुभयो ।

१९. मिति २०८२/०६/१५ गते बुधबारका दिन जुद्ध बारुण यन्त्र कार्यालय परिसर भक्तपुरमा बडादशैं महानवमी तिथिको अवसरमा नवमी पुजा सप्पन्न गरि माता दुर्गा भवानीको प्राथना तथा कार्यालयमा रहेका दमकल लगायतका सवारीसाधनहरुको समेत पूजा गरियो।

२०. मिति २०८२/०६/१९ गतेका दिन अग्निनियन्त्रण तालिम प्रशिक्षक एवं नेपाल रेस्क्यु एण्ड फायरफाइटर एशोसियसन नेपालका अध्यक्ष श्री मधुसुदन थापा ज्यू र एआरएफएफ डेनमार्कका पूर्व अग्निनियन्त्रण प्रमुख श्री

किम ओल्सेन ज्यूले कार्यालय भ्रमण गर्नुभै कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूसँग अग्निनियन्त्रण अनुभव तथा नविन प्रविधिसम्बन्धी छलफल गर्नुभयो ।

२१. मिति २०८२/०६/२१ गते कोजाग्रत पूर्णिमाका दिन सम्माननीय राष्ट्रपतिज्यूको नवदुर्गा भवानी मन्दिरमो पूजाअर्चनामा सरिक हुने कार्यक्रमको पूर्वतयारीका लागि मिति २०८२/०६/२० र २१ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरद्वारा भ.न.पा.-९, कमलबिनायक नवदुर्गास्थान स्थित नवदुर्गा मन्दिर परिसरमा सरसफाई कार्य सम्पन्न गरियो ।

२२. मिति २०८२/०६/३१ गतेका दिन शिखर एफ. एम. १०२.७ मैघाहर्ज भक्तपुरका पत्रकार श्री कृष्ण नेपाल ज्यूसँगको रेडियो अन्तर्वार्तामा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले नेपालीहरुको आउँदै गरेको महान चाड दिपावलीमा हुन सक्ने सम्भावित आगलागीका कारणहरु र रोकथामका उपायहरु सम्बन्धी सचेतनामूलक जानकारी प्रदान गर्नुभयो ।

२३. मिति २०८२/०७/१२ गते जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट सरुवा भई जानुभएका प्रमुख जिल्ला अधिकारी श्रीमान् नमराज घिमिरे ज्यूलाई आगामी कार्यकालमा थप सफलताको कामना गर्दै शुभकामना व्यक्त गरियो ।

२४. मिति २०८२/०७/२१ गते शुक्रबारका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको आयोजना एवं लायन्स क्लब अफ काठमाडौं स्पिरिचुअलको प्राविधिक सहयोगमा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको अध्यक्षता र प्रमुख जिल्ला अधिकारी श्रीमान् उमेश कुमार ढकाल ज्यूको प्रमुख आतिथ्यतामा अग्नि नियन्त्रक कर्मचारीको तनाव व्यवस्थापनका लागि योग र ध्वनी चिकित्साको प्रयोग कार्यक्रम सम्पन्न गरियो । सोही दिन जुद्ध बारुण यन्त्र कार्यालयका कर्मचारी परिवार भेटघाट कार्यक्रम समेत सम्पन्न गरियो ।

२५. मिति २०८२/०७/२९ गते शनिबारका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको अगुवाहीमा कर्मचारी परिवारको सहभागितामा कार्यालय परिसरमै पिकनिक रमाइलो कार्यक्रम सम्पन्न गरियो ।

२६. बुढानिलकण्ठ नगरपालिका काठमाडौंको आयोजना र जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको प्राविधिक सहयोगमा यस कार्यालयका अनुभवी तथा दक्ष प्रशिक्षकहरु उपलब्ध गराई १५ दिने अग्नि नियन्त्रण सम्बन्धी एडभान्स्ड तालिम सम्पन्न गरियो ।

२७. मिति २०८२/०७/०३ गते कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूलाई विभिन्न समयमा विभिन्न व्यक्तिद्वारा भौतिक आक्रमणको धम्की र मानसिक तनाव दिएको बारे प्रमुख जिल्ला अधिकारी श्रीमान् उमेश कुमार ढकाल ज्यूलाई आवश्यक शान्ति सुरक्षा कायम गरिदिनुहुन अनुरोध गर्दै ज्ञापन पत्र बुझाइयो ।

२८. मिति २०८२/०८/०३ गते मनोसामाजिक बन्दी अपाङ्ग अस्पताल नख्खु ललितपुरबाट सरुवा भई आउनुभएका कार्यालय सहयोगी श्री अमृत थापालाई यस कार्यालयका कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूबाट स्वागत तथा फायरमेन सिपाही श्री किरण कुम्पाखलाई हार्दिक बधाई व्यक्त गरि स्वागत तथा बधाई कार्यक्रम सम्पन्न गरियो।

२९. मिति २०८२/०८/०३ गते जुद्ध बारुण यन्त्र कार्यालयमा सूर्यविनायक-०६ भक्तपुर स्थित मेपल स्कुलबाट आउनुभएका नर्सरी कक्षाका विद्यार्थी तथा शिक्षक ज्यूहरुलाई दमकल तथा अग्नि निवारण सामाग्रीहरु अवलोकन गराउनुका साथै प्रदर्शनी जानकारी समेत गराईयो।

३०. मिति २०८२/०८/०७ गते जुद्ध बारुण यन्त्र कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले व्यक्तिगत रुपमा कार्यालयमा राम्रो काम गरे बापत अग्नि नियन्त्रक कर्मचारीहरुलाई ज्याकेट वितरण गर्नुभयो।

३१. मिति २०८२/०८/१३ गतेका दिन रोटरी क्लब अफ काठमाडौंमा आबद्ध अग्रज समाजसेवी श्री नुगल वैद्य आनन्द ज्यूको विशेष पहलकदमीमा रोटरी क्लब अफ भक्तपुरको कार्यक्रममा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूमार्फत जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरलाई पहिलो प्रतिक्रियाकर्ता पोशाक (First Responder Uniform) प्राप्त भयो ।

३२. मिति २०८२/०८/२५ गतेका दिन GUANGZHOU CIVIL AVIATION COLLEGE चीनका प्रतिनिधी ज्यूहरु Mr. Tian Ju, Mr. He Yanbin, Mr. Bai Jiankun, Mr. Yan Zhiyuan, Mr. Ni Weiguo र Mr. Lin Weiqiang ले जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको अवलोकन गर्नुभै कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूसँग अग्निनियन्त्रणमा ड्रोन प्रविधिको सम्भाव्यता र आवश्यकता सम्बन्धी छलफल गर्नुभयो । GCAC प्रतिनिधिज्यूहरुले यस कार्यालयका आठ जना फायरफाइटरहरुलाई अग्निनियन्त्रणका नवीन प्रविधि र सीपसम्बन्धी आधुनिक तालीम प्रदान गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएयो । छलफलमा ड्रोनहब नेपालका प्रोजेक्ट म्यानेजर श्री सुजित चौधरी ज्यू तथा प्रतिनिधिज्यूहरु, आप्सा नेपालका सिईओ श्री सुशील फुयाल तथा प्रतिनिधिज्यूहरु तथा NRFFA नेपालका अध्यक्ष श्री मधुसूदन थापा ज्यू लगायतको समेत उपस्थिति रहेको थियो।

३३. मिति २०८२/०९/०४ गतेका दिन नेपाल उद्धार तथा अग्नि निवारण संघ (Nepal Rescue and Firefighter Association- NRFFA) को २५ औं वार्षिकोत्सव एवम् १२ औं महाधिवेशन कार्यक्रममा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूलाई उपत्यकाको अग्निनियन्त्रण जस्तो अत्यावश्यक र संवेदनशील सेवालाई नियमित अग्निनियन्त्रण क्षमता अभिवृद्धि तालिम संचालन, अग्नि निवारण एवं सुरक्षा सामाग्रीको बन्दोबस्तलगायतका गतिविधिद्वारा समग्र बारुण यन्त्रको सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाएर उत्कृष्ट कार्य गर्नुभएकोमा उहाँको महत्त्वपूर्ण योगदानको कदरस्वरुप सम्मान पत्र प्रदान गरियो ।

३४. मिति २०८२/०९/१६ गते अंग्रेजी नयाँ वर्ष २०२६ को उपलक्ष्यमा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले शुभकामना कोसेली स्वरुप व्यक्तिगत रुपमा कार्यालयको अग्निनियन्त्रण तथा प्रशासन शाखामा कार्यरत कर्मचारीहरुलाई जाडो मौसमबाट सुरक्षाको लागि न्यानो टोपी वितरण गर्नुभयो।

३५. मिति २०८२/०९/३० गते जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरमा ११ औं राष्ट्रिय योग दिवसको अवसरमा प्रमुख जिल्ला अधिकारी श्रीमान् उमेश कुमार ढकाल ज्यूको सभाध्यक्षतामा सम्पन्न योग सम्बन्धी अन्तरक्रिया कार्यक्रममा हल व्यवस्थापन लगायतका व्यवस्थापकीय कार्य गरियो ।

३६. मिति २०८२/१०/१४ गते बिहान अचानक पानी परेर यस कार्यालय तथा सैनिक आवासीय महाविद्यालय अगाडीको बाटो चिप्लो भई मोटरसाइकलहरु चिप्लिएर निरन्तर दुर्घटना भैरहेपछि जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका अग्निनियन्त्रक कर्मचारीहरुद्वारा बाटो सरसफाई गरी सवारीसाधन आवागमनलाई सहज बनाइयो ।

३७. मिति २०८२/१०/२५ गते आइतबारका दिन मध्यपुर थिमि न.पा.-०८, बोडेस्थित स्वप्न संसार स्कुल भक्तपुरबाट आउनुभएका कक्षा १ र २ का करिब ७० जना साना विद्यार्थीहरु र ८ जना शिक्षक शिक्षिकाहरुलाई दमकल तथा अग्नि निवारक सामाग्रीहरु अवलोकन प्रदर्शन गराउनुका साथै आगलागि नियन्त्रण तथा अपनाउनुपर्ने सावधानीबारे सामान्य जानकारी समेत गराइयो ।

३८. मिति २०८२/१०/२८ गते बुधबारका दिन मध्यपुर थिमि नगरपालिका वडा नं. ६ अवस्थित क्रियटिभ लर्नर्स एकेडेमी भक्तपुरबाट आउनुभएका कक्षा २ का ३७ जना साना विद्यार्थीहरु र शिक्षक शिक्षिकाहरुलाई अग्नि सुरक्षा,

आगलागी नियन्त्रणका उपायहरु तथा दमकलको बारेमा प्रत्यक्ष अवलोकन प्रदर्शन गराउनुका साथै सामान्य जानकारी समेत गराईयो ।

३९. मिति २०८२/१०/२८ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय काठमाडौंबाट ३४ वर्ष ६ महिना १३ दिन अग्निनियन्त्रणजस्तो अत्यावश्यक र संवेदनशिल कार्यद्वारा राष्ट्र र जनताको सेवामा समर्पित भइ सेवानिवृत्त हुनुभएका पूर्व कर्मचारी श्री रेशम बहादुर थापा ज्यूलाई कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले कदर पत्र एवं खादाद्वारा कार्यकक्षमा स्वागत तथा सम्मान गर्नुभयो ।

४०. मिति २०८२/११/०३ गतेका दिन महाशिवरात्री तथा सिलाचः ह्रे पूजाको अवसरमा कार्यालय परिसरमा पूजापाठ सम्पन्न गरी शिवधुनी बाल्ने कार्य गरियो ।

४१. मिति २०८२/११/०६ र ०७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरद्वारा सरसफाइ कार्य सम्पन्न गर्नुका साथै साँझमा दिप प्रज्वलन कार्य पनि सम्पन्न गरियो।

४२. मिति २०८२/१२/१० गतेका दिन त्रि.अ.वि.ना.उ.का. उद्धार तथा अग्नि निवारण महाशाखाको आयोजनामा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुर, ललितपुर, काठमाडौं तथा कागेश्वरी मनोहरा न.पा. र गोदावरी न.पा. का अग्नि नियन्त्रक कर्मचारीहरुका साथै सुरक्षा एवं सरोकारवाला निकायहरुको सहभागितामा Full Scale Emergency Exercise सम्बन्धी बैठक तथा छलफल कार्यक्रम सम्पन्न गरियो ।

४३. मिति २०८२/१२/१२ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरमा चैतेदशैंको उपलक्ष्यमा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेलज्यूको समुपस्थितिमा मौलो पुजा सम्पन्न गरी माता भवानीबाट आशीर्वाद ग्रहण गरियो।

४४. मिति २०८२/१२/१५ गतेका दिन श्री नेपाली सैनिक प्रतिष्ठान खरिपाटी ब्यारेक भक्तपुरमा क्याडेट तालिमका प्रशिक्षार्थीहरुलाई विपद् व्यवस्थापन अन्तर्गत आगलागि नियन्त्रणमा दमकलको प्रयोग सम्बन्धमा साधारण अभ्यास डेमो कार्यक्रम सम्पन्न गरियो ।

४५. मिति २०८२/१२/१८ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरमा नारी सेवा बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको आयोजना र जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको प्राविधिक सहयोगमा आगलागीजन्य विपद् व्यवस्थापन सम्बन्धी १ दिने अभिमुखीकरण तालिम सम्पन्न गरियो ।

४६. मिति २०८२/१२/१९ गतेका दिन अनवरत रुपमा १७ वर्ष अग्निनियन्त्रण जस्तो अत्यावश्यक र संवेदनशील कार्यद्वारा राष्ट्र र जनताको सेवामा समर्पित भइ जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरबाट सेवानिवृत्त हुनुभएका पूर्व कर्मचारी श्री जीतबहादुर श्रेष्ठ ज्यूलाई कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले कदर पत्र र खादाद्वारा कार्यकक्षमा स्वागत तथा सम्मान गर्नुभयो ।

४७. मिति २०८२/१२/२० गतेका दिन भक्तपुर क्यान्सर अस्पतालको आयोजना र जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको प्राविधिक सहयोग एवं व्यवस्थापनमा आधारभूत आगलागी नियन्त्रणका उपायहरु तथा अपनाउनुपर्ने सावधानीहरुबारे सैद्धान्तिक कक्षा तथा प्रयोगात्मक अभ्यास प्रदर्शनी कार्यक्रम सम्पन्न गरियो ।

४८. जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको आयोजना तथा Nepal Rescue Firefighters Association Kathmandu, Nepal Red Cross Society District Chapter Bhaktapur र Social Safety Fire Fighter and Rescue Training Center, Kathmandu को प्राविधिक सहयोगमा वि.सं. २०८२/१२/२२ गतेदेखि वि.सं. २०८३/०१/०५ गते सम्म आधारभूत अग्निनियन्त्रण सम्बन्धी तालिम तथा अग्निनियन्त्रण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सम्पन गरियो ।

४९. मिति २०८२/१२/२६ गतेका दिन नेपाल टेलिभिजनसँगको अन्तर्वार्तामा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले दमकल संचालनमा आइपर्ने चुनौतीहरु, वर्तमान स्रोत साधनहरुको अवस्था तथा कर्मचारीहरुको हकहित लगायत प्रभावकारी रुपमा आगलागि नियन्त्रण गर्न कार्यालयलाई आवश्यक विषयहरु उठान गर्नुभयो ।

५०. नेपाल सरकारको इन्धन र ग्याँसको खपत कम गर्न विद्युतीय सामाग्रीहरुको प्रयोग गर्नुपर्ने नीतिअनुसार यस कार्यालयको ब्यारेक मेसका लागि इलेक्ट्रिक राइस स्टिमर मेसिनका साथै कार्यालय किचनका लागि इन्डक्सन चुलो समेत खरिद गरी प्रयोगमा ल्याइयो ।

५१. कार्यालयको सुरक्षालाई ध्यानमा राखी थप १ थान सिसिटिभि जडान गरियो ।

५२. मिति २०८२/१२/३० गतेका दिन नयाँ वर्ष २०८३ सालको उपलक्ष्यमा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले शुभकामना कोसेली स्वरुप कार्यालयका कर्मचारीहरु लाई टिसर्ट वितरण गर्नुभयो।

५३. मिति २०८३/०१/१५ गते मंगलबारका दिन भक्तपुर नगरपालिकाकाबाट कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यू मार्फत जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरलाई Self- Contained Breathing Apparatus (SCBA) सेटहरु -२ थान र फायर बुट-१५ थान अग्नि निवारक सामाग्रीहरु प्राप्त भयो ।

५४. मिति २०८२ बैशाख १७ गते बिहिबारका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको सभाध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी श्रीमान् उमेश कुमार ढकाल ज्यूको प्रमुख आतिथ्यतामा "८ दिने अग्नि नियन्त्रण सम्बन्धी आधारभूत तालिम तथा १५ दिने प्रशिक्षक प्रशिक्षण तालिम" का सहभागिहरुलाई प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न गरियो।

५५. मिति २०८३/०१/१५ गतेका दिन कौशलटार महिला बचत तथा ऋण सहकारी संस्था लि. को आयोजना र जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको प्राविधिक सहयोगमा आगलागीजन्य विपद् व्यवस्थापन सम्बन्धी १ दिने अभिमुखीकरण तालिम तथा प्रयोगात्मक प्रदर्शनी कार्यक्रम सम्पन्न गरियो ।

५६. मिति २०८३/०१/२३ गतेका दिन भक्तपुर जिल्लाका प्र.जि.अ. श्रीमान् उमेश कुमार ढकाल ज्यूको नेतृत्वमा प्र.से. श्री निरज प्रताप ज.ब.रा. ज्यू, प्र.उ. सूर्य बहादुर खड्का ज्यू, प्र.ना.उ. श्री प्रकाश जबेगु ज्यू को टोलीले जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको अनुगमन तथा अवलोकन भ्रमण गर्नुभै कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूसँग आगलागी नियन्त्रणको वर्तमान अवस्था, उपलब्ध स्रोतसाधन र नयाँ प्रविधिको सम्भावना लगायतको विषयमा छलफल गरी आवश्यक सल्लाहसुझाव प्रदान गर्नुभयो।

५७. मिति २०८३/०१/१७ गतेका दिन त्रि.अ.वि.ना.उ.का. उद्धार तथा अग्निनिवारण महा शाखाको आयोजनामा सञ्चालित पूर्णस्तरको आपतकालीन अभ्यास (Full Exercise Emergency) कार्यक्रममा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको पनि सक्रिय सहभागिता रह्यो ।

५८. मिति २०८३/०२/०१ गतेका दिन कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको सभाध्यक्षतामा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको आयोजना र Learn This Way Pvt. Ltd. को प्राविधिक संयोजनमा Digital Awareness & AI Program सम्बन्धी सचेतनामूलक तालिम कार्यक्रम जिल्ला प्रहरी परिसर भक्तपुर तथा नेपाल पत्रकार महासंघ, जिल्ला शाखा भक्तपुरका प्रतिनिधि ज्यूहरुका साथै कार्यालयका कर्मचारीहरुको सहभागीतामा सम्पन्न गरियो ।

५९. मिति २०८३/०२/०६ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको सभाध्यक्षतामा प्रमुख जिल्ला अधिकारी श्रीमान् उमेश कुमार ढकाल ज्यूको बिदाई तथा फेरी भटौंला कार्यक्रम सम्पन्न गरियो ।

६०. 'गणतन्त्र दिवस-२०८३' को अवसरमा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरमा मिति २०८३/०२/१४ र १५ गते कार्यालयमा नयाँ झण्डोत्तोलन तथा दीपप्रज्वलन कार्यक्रम सम्पन्न गरियो।

६१. मिति २०८३/०२/२५ गतेका दिन अनवरत रुपमा २३ वर्ष ११ महिना १४ दिन अग्निनियन्त्रण जस्तो अत्यावश्यक र संवेदनशील कार्यद्वारा राष्ट्र र जनताको सेवामा समर्पित भई जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरबाट

सेवानिवृत्त हुनुभएका पूर्व हवल्दार श्री उद्धव थापा ज्यूलाई कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूले कदर पत्र र खादाद्वारा कार्यकक्षमा स्वागत तथा सम्मान गर्नुभयो ।

६२. मिति २०८३/०२/२८ गतेका दिन जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको प्राङ्गणमा कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूको पहलकदमीमा अन्य कर्मचारीहरु सहितको सहभागितामा फूलहरु रोप्ने कार्य सम्पन्न गरियो।

६३. "२२ औं विश्व रक्तदान दिवस" को अवसरमा मिति २०८३/०२/३१ गतेका दिन नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखा, रक्त संचार सेवा समितिद्वारा आयोजित कार्यक्रममा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूलाई सम्मान पत्र सहित सम्मान गरियो।

६४. श्री गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखा, सिंहदरबार काठमाडौंको प.सं. २०८२/८३-MS, च.नं. १६९०, मिति २०८३/01/04 को निर्देशानुसार नेपाल सरकारबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. १३ बमोजिम यस कार्यालयमा गठन गरिएको ३ सदस्यीय IMT एवं कार्यालय बैठकको निर्णयानुसार मिति २०८३/०३/०३ गते बुधबारका दिन महिना उत्कृष्ट कर्मचारी अन्तर्गत वि.सं. २०८३ वैशाख महिनामा छनौट हुनुभएका खरिदार श्री हिमाल घर्ती मगर र जेष्ठ महिनामा छनौट हुनुभएका फायरफाइटर श्री मंजय धौभडेललाई कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूबाट मायाको चिनोसहित प्रमाणपत्र वितरण गर्नुका साथै कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. १६ अनुसार श्री गृह मन्त्रालयबाट स्वीकृत कार्यविवरण तथा कार्यसम्पादन सूचक कार्यान्वयन सम्बन्धी कार्यविवरण उल्लेखित परिपत्र सम्प्रेषण गरियो ।

६५. मिति २०८३/०३/०७ गतेका दिन भक्तपुर जिल्लाको प्रतिनिधिसभा सदस्य माननीय गंगालक्ष्मी अवाल ज्यूले यस कार्यालयमा आकस्मिक अवलोकन भ्रमण गरी कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल ज्यूसँग कर्मचारीहरुको वृत्ति विकास, ऐतिहासिक दमकललाई संग्रहालयको रुपमा व्यवस्थापन तथा ल्याडर दमकलको अभाव लगायतका समसामयिक समस्याहरुबारे जानकारी लिनुभयो ।

६६. राष्ट्रिय सडक सुरक्षा परिषद्को आयोजना र सशस्त्र प्रहरी बल, नेपाल नं.२० गण हेड क्वाटर, (विपद् उद्धार) को सह-आयोजनामा तथा रोटरी इन्टरनेशनल, काटमाडौं सर्कलको समन्वयमा मिति २०८३/०३/०४ गतेदेखि ८ गते सम्म सञ्चालित "५ दिने प्रथम उद्धारकर्ता प्रशिक्षक प्रशिक्षण तालिम (TOT)" मा सहभागी यस कार्यालयका फायर कमाण्डर श्री सानुराम दाहाल, फायरमेन सिपाही श्री अनिल कपाली, फायरमेन सिपाही श्री मंजय धौभडेल र फायरमेन सिपाही श्री सजीव मुल्मीद्वारा डेमो प्रदर्शनीमा नेतृत्वदायी भूमिका निर्वाह गरी प्रमाणपत्र समेत ग्रहण गर्नुभयो।

६७. जिल्ला प्रशासन कार्यालय भक्तपुरको आयोजना जिल्ला प्रहरी परिसर भक्तपुरको सह-आयोजनामा मिति २०८३/०३/१२ गते शुक्रबारका दिन "लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस" जुन २६ को अवसरमा प्रभातफेरीमा यस कार्यालयका कार्यालय प्रमुख श्री विजय प्रसाद धौभडेल र सूचना अधिकारी हिमाल घर्ती मगर समेतको सहभागीता रह्यो ।

६८. मिति २०८३/०३/१७ गतेका दिन राष्ट्रिय कला संग्रहालय भक्तपुरको आयोजना र जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरको प्राविधिक सहयोगमा आगलागी र सुरक्षा सम्बन्धी आधारभूत तालिम तथा प्रयोगात्मक प्रदर्शनी कार्यक्रम सम्पन्न गरियो ।

६९. स्थापनाकालीन दमकलहरुलाई संग्रहालयको रुपमा संरक्षणका लागि आवश्यक व्यवस्थापन गरिदिनुहन मन्त्रालयमा पत्राचार गरिएको ।

७०. मिति २०८३/०३/३० गतेका दिन यस कार्यालयको वाकीटाकी सञ्चार सेवा रिपिटर टावर कार्यालय भवनमै जडान गरिएको र सेवा प्रदायकलाई रिपिटर टावर संरक्षण बापत् व्यहोर्नुपर्ने मासिक रु ५०००/- रेन्टल चार्ज सरकारी व्यय बचत गरिएको ।

७१. श्री गृह मन्त्रालयबाट माग भएबमोजिम यस कार्यालयका सवारीसाधनहरु, भवन तथा जग्गा सम्बन्धी तथ्यगत विवरण उपलब्ध गराइएको ।

७२. यस कार्यालयको असुलउपर गर्नुपर्ने बेरुजु अन्तर्गत आ.व. २०८२/८३ मा जम्मा रु ४६९७२।२० रकम (१६.६३%) बेरुजु फछ्यौंट गरी श्री महालेखापरीक्षकको कार्यालय अनामनगरबाट सम्परीक्षण गराई लगत कट्टा समेत गरिएको ।

७३. श्री गृह मन्त्रालय अन्तर्गतको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार उपसमितिको प.सं. २०८२/८३, च.नं. ०३, मिति २०८२/०७/१२ को पत्रबाट माग भएबमोजिम यस कार्यालयको वर्तमान आवश्यकताअनुसारको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गरिएको।

७४. श्री गृह मन्त्रालयबाट माग भएबमोजिम फ्रन्ट डेस्कमा काम गर्ने कर्मचारी तथा तालिमको विवरण सम्बन्धमा आगलागी नियन्त्रणजस्तो अत्यावश्यक एवं संवेदनशील कार्यमा खटिने अग्निनियन्त्रक लगायतका कर्मचारीहरुको विवरण उपलब्ध गराइएको ।

७५. श्री गृह मन्त्रालय, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा, सिंहदरबार काठमाडौंको प.सं. यो-२०८३/८३, च.नं. ५१५, मिति २०८२/१२/३० गतेको पत्रको निर्देशानुसार मिति २०८२/१२/३० देखि २०८३/०१/०७ गतेसम्म शून्य बाँकी फाइल सप्ताह सफलतापूर्वक सम्पन्न गरी प्रतिवेदन सहित मन्त्रालयमा पेश गरिएको ।

७६. श्री गृह मन्त्रालय, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा, सिंहदरबार काठमाडौंको प.सं. यो-२०८३/८३, च.नं. ५३५, मिति २०८३/०१/०८ गतेको पत्रको निर्देशानुसार सरसफाई तथा स्वच्छता कार्ययोजना कार्यान्वयन गर्न यस कार्यालयका हवल्दार श्री निराकर थापालाई फोकल व्यक्ति तोकि नियमित अनुगमन गरिएको।

७७. श्री गृह मन्त्रालयको प.सं. २०८२/८३, च.नं. १६४८, मिति २०८३/०१/११ को निर्देशानुसार यस कार्यालयका प्रत्येक पदसँग सम्बन्धित कार्यविवरण तथा कार्यसम्पादन सूचक तयार गरी मन्त्रालयमा पेश गरिएको।

७८. श्री गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबार काठमाडौंको च.नं. १६९८, मिति २०८३/०१/१६ को निर्देशानुसार श्री नेपाली सेनाको नेतृत्वमा मिति २०८३/०१/२१-२३ गते सम्म जंगी अड्डास्थित आर्मी अफिर्स क्लवको सभामण्डपमा संचालन भएको "अभ्यास हातेमालो-८" कार्यक्रममा यस कार्यालयका तर्फबाट फायरमेन सिपाहीद्वय श्री अनिल कपाली र श्री रुपक त्वायनाको सहभागिता रहेको ।

७९. श्री गृह मन्त्रालय, आर्थिक प्रशासन शाखा, सिंहदरबार काठमाडौंको च.नं. ३८५, मिति २०८३/०२/१२ को निर्देशानुसार तोकिएको ढाँचामा यस कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मस्यौदा तर्जुमा गरी मन्त्रालयमा पेश गरिएको ।

८०. श्री गृह मन्त्रालयको च.नं. १९६७, मिति २०८३/०२/२८ को निर्देशानुसार मन्त्रालयबाट स्वीकृत कार्यविवरण तथा कार्यसम्पादन सूचक अनुसार नै कामकारवाही गर्नको लागि कार्यरत कर्मचारीहरुलाई परिपत्र गरिएको ।

८१. श्री गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखा, सिंहदरबार काठमाडौंको च.नं. २८७०, मिति २०८३/०३/१२ को पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औं प्रतिवेदनमा समेटिएका सुझावहरुको कार्यान्वयनका सम्बन्धमा यस कार्यालयले कार्यान्वयन गरेका प्रगति विवरणहरु समेटि मन्त्रालयमा पेश गरिएको।

१२. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः

- कार्यालय प्रमुख (ना.सु.) -विजय प्रसाद धौभडेल
- सूचना अधिकारी (खरिदार) -हिमाल घर्ती मगर

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध वारुण यन्त्र कार्यालय
भक्तपुर

१३. कार्यालयको वेबसाइट, फेसबुक पेज, ईमेलः

- वेबसाइटः https://juddhabarunbkt.moha.gov.np/
- फेसवुक पेजः Juddhabarunyantra Bhaktapur
- ई-मेलः juddhabarunbkt@gmail.com
- एक्स ह्यान्डलः https://x.com/juddha_barun

१४. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन तथा सूचना दिएको विषय

- नभएको

हिमाल घर्ती मगर
खरिदार,प्रशासन शाखा

२०८३/०४/०६
विजय प्रसाद धौभडेल
कार्यालय प्रमुख